फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८
चलानी नं.:

१ नं. प्रदेश, नेपाल
मिति : २०७७/०४/२१

## प्राविधिक सहायक करार पदपूर्ति गर्ने सम्बन्धी सूचना

***(प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२१)***

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं. PMEP/२३ को मिति २०७७/०४/१२ गतेको पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

(ख) **अनुभव र सीपः** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तिमा ३ (तीन) महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

(ग) **उमेरः-** कम्तीमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

२. **दरखास्त दिने स्थानः-** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगा।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७७/०५/०४

४. **आवेदनको दस्तुरः-** रु. ४०० (अक्षरेपी रु. चार सय मात्र) यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको चिशंखुगढी गाउँपालिका आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४००००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. **सेवा सुविधाः-** *गाउँपालिकाको तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया*को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** *गाउँपालिकाको तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया*को दफा (९) बमोजिम हुनेछ।

०७७/०४/२१
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

***नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र www.chishankhugadhimun.gov.np मा उपलब्ध छ।***



ito.chishankhugadhimun@gmail.com chishankhugadhi@gmail.com www.chishankhugadhimun.gov.np